# शितगंगा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ८, संख्याः २, मितिः २०८१/०४/३१


## भाग-२

## शितगंगा नगरपालिका

शितगंगा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधी सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## शितगंगा नगरपालिको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ मा पहिलो संसोधन २०८१

**शितगंगा नगरपालिको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५** मा केही संसोधन गर्नु पर्ने भएकोले उक्त कार्यविधिमा तपशिल बमोजिम संसोधन गरिएको छ ।

कार्यविधिको परिच्छेद -पाँच इजाजतपत्र नविकरण र खारेजीलाई संसोधन गरी इजाजतपत्र नविकरण, ठाउँसारी, नामसारी र खारेजी गराईएको छ । त्यसै गरी सोही परिच्छेदको दफा (१) पछी दफा (२), दफा (३), दफा (४) र दफा (५) थप गरी देहायबमोजिम गरिएको छ । सोही परिच्छेदको दफा (२) लाई दफा (६) कामय गरिएको छ ।

**(२) ठाउँसारी सम्बन्धी व्यवस्था :**

(१) कुनै स्थानीयतह वा इजाजत पत्र जारी गर्ने निकायबाट जारी भएको इजाजतपत्र शितगंगा नगरपालिकामा ठाउँसारी गरी आउन चाहेमा ठाउँसारीको लागि सहमती दिईने छ । यस कार्यालयको सहमती बिना ठाउँसारीको लागि निवेदन प्राप्त भएमा कार्यान्वयनको लागि यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(२) उपदफा (१) बमोजिम ठाउँसारीका लागि निवेदन आएमा सो निवेदन साथ देहायका कागजात संलग्न हुनु पर्नेछ ।

(क) सम्बन्धित स्थानीय तहको सहमती वा सिफारिस पत्र

(ख) सक्कलै इजाजत पत्र

(ग) इजाजतपत्र दर्ता सुरु देखिको सक्कलै फाईल

(घ) कम्पनी वा फर्म दर्ता भएको प्रमाण पत्र

(ङ) स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्र

(३) शितगंगा नगरपालिकाबाट जारी भएका वा ठाउँसारी भई आएका वा हस्तान्तरण भई आएका इजाजतपत्र अन्य स्थानीय तहमा ठाउँसारी गरी जान चाहेमा ठाउँसारी गरी जाने स्थानीयतहको सहमती वा सिफारिस पत्र सहित निवेदन दिएमा यस नगरपालिकाबाट सहमती वा सिफारिस पत्र सहित सम्बन्धित इजाजतपत्रको सक्कल फाईल पठाईने छ ।

**(३) नामसारी सम्बन्धी व्यवस्था :**

(१) शितगंगा नगरपालिकाबाट वा कुनै स्थानीयतह वा इजाजत पत्र जारी गर्ने निकायबाट जारी भएका इजाजतपत्रहरु सम्बन्धित व्यक्ति वा फर्मले कुनै अर्को व्यक्ति वा फर्मको नाममा नामसारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नामसारी गर्दा देहाय बमोजिमका कागजातहरु संलग्न राख्नु पर्नेछ ।

(क) इजाजतपत्र लिने/दिने दुबै पक्षको संयुक्त निवेदन हुनु पर्ने ।

(ख) कम्पनी वा फर्म दर्ता प्रमाण पत्र नामसारी हुने व्यक्तिको नाममा नामसारी भएको हुनु पर्ने ।

(ग) स्थायी लेखा नम्वर प्रमाण पत्र हुनु पर्ने ।

(घ) लिने/दिने दुबै पक्षको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी संलग्न गर्नु पर्ने

**(४) दस्तुर सम्बन्धी व्यवस्था :** (१) ठाउँसारी गरी आउने/जाने फर्म र नामसारी गर्दा आर्थिक ऐनमा व्यवस्था नहुनजेल सम्मको लागि रु ४००० दस्तुर लाग्ने छ ।

(२) आर्थिक ऐनमा व्यवस्था भएपश्चात सोही बमोजिम हुने छ ।

**(५) कायम गर्ने :-** यो कार्यविधि संसोधन हुनु भन्दा पहिले ठाउँसारीको लागि पेश भएका इजाजतहरुको सन्दर्भमा यसै बमोजिम भएको मानी अभिलेखिकरण गरिने छ ।

**प्रमाणिकरण मितिः २०८१/०४/३१**

**आज्ञाले**
**अर्जुन शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**